# स्थानीय राजपत्र

कालिगण्डकी गाउँपालिका, गुल्मीद्धारा प्रकाशित

वर्ष ७ अंक ३, २०८० मंसिर २० गते, वुधवार


## भाग ३

### गर्भवति तथा सुत्केरी आमासंग उपाध्यक्ष कार्यक्रम संचालन सम्बन्धी कार्यविधि २०८०

**प्रस्तावनाः**

मातृ तथा नवशिशू मृत्युदर घटाउनुका साथै मानसिक, शारीरिक वृद्धि मातृत्व स्याहार अपरिहार्य भएकोले सुरक्षित मातृत्वको क्षेत्रमा सुनौलो हजार दिनका महिलाका लागि लगनी गर्न जरुरी भएकोले मातृ तथा नवशिशू मृत्युदर कम गर्न तथा गर्भावस्था तथा सुत्केरीको अवस्थामा घरपरिवारले विशेष व्यवस्था गरुन भन्ने मनसायले एंव संविधान बमोजिमको आधारभूत स्वास्थ्य सुविधा पाउने नेपाली नागरिकको मौलिक हकको रक्षार्थ कालिगण्डकी गाउँपालिकाले आ.व. २०८०/८१ को बजेटमा गर्भवती तथा सुत्केरी आमासँग उपाध्यक्ष कार्यक्रम संचालन गर्ने कार्यक्रम वनाएको छ।

### परिच्छेद १

१. **संक्षिप्त नामः** यस कार्यविधिको नामः गर्भवति तथा सुत्केरी आमासंग उपाध्यक्ष कार्यक्रम संचालन सम्बन्धी कार्यविधि २०८०"  रहेको छ।

२. यो कार्यविधिको तुरुन्त प्रारम्भ हुनेछ।

### परिच्छेद २

३. **उद्धेश्यः**- कालिगण्डकी गाउँपालिकाका गर्भवति महिलाहरुको प्रोटोकल अनुसारको गर्भजाँच पटक वृद्धी गर्ने,कुपोषणका कारण कम तौलको बच्चा जन्मने दरमा कमि ल्याउने, संस्थागत सुत्केरी हुने दरमा वृद्धि गर्ने तथा आमा र बच्चाको पोषण स्थिति सुधार गरि रुग्णता र मृत्युदरमा कमि ल्याउने।

४. कार्यक्रम संचालन गर्ने निकायः कालिगण्डकी गाउँपालिका स्वास्थ्य शाखा तथा स्वास्थ्य चौकीहरु

### परिच्छेद ३

५. **कार्यक्रम संचालन गर्ने तथा लागु हुने स्थानः** कालिगण्डकी गाउँपालिकाका सवै स्वास्थ्य संस्थाहरुले संचालन गर्ने र सेवा लिन कालिगण्डकी गाउँपालिका भित्र बसोवास गर्नेहरुका लागि मात्र लागु हुने।

६. **कार्यक्रम संचालन प्रकृयाः** कार्यक्रम लागु गर्नु भन्दा अगाडी १ दिने पालिका स्तरीय अभिमुखिकरण/स्वास्थ्य चौकी प्रमुखहरुको मासिक समिक्षामा अभिमुखिकरण गर्ने।

७. कार्यक्रम संचालन गर्दा आवश्यक पर्ने गाडी ढुवानी, पोषण प्याकेज र विविध खर्च तपशिल बमोजिम गर्ने।

**क. गर्भवती महिलालाईः- २ पटक पोषण प्याकेज दिने।**

पोषण प्याकेजः- १ क्यारेट अण्डा, १ के.जी. चना र २ पिस सावुन(१ नुहाउने र १ कपडा धुने)र १ वटा नङ कटर सहितको प्याकेज/झोला तयार बनाई उपाध्यक्ष ज्यूको समुपस्थितिमा दिने ।(दोस्रो पटकको प्याकेज दिदा नङ्ग कटर नदिने)।

१. पहिलो पटकको पोषण प्याकेज (२०-२४ हप्तामा) दिनेः-

यो प्याकेज प्राप्त गर्न गर्भ रहेको १२ हप्ता भित्र र १६ हप्तामा अनिवार्य गर्भ जाँच गरेको हुनुपर्ने

२. दोस्रो पटकको पोषण प्याकेज (३२ हप्तामा)दिनेः-
यो प्याकेज प्राप्त गर्न २८ हप्तामा अनिवार्यगर्भ जाँच गरेको हुनुपर्ने।

**ख. सुत्केरी आमालाईः-**

१. सुत्केरी पश्चात स्वास्थ्य कर्मि घरमा भेट गर्न जादाँ(सके सम्म३ दिनको भेटमायदि सो सम्भव नभएमा ७-१४ दिनको भेटमा) संस्थागत सुत्केरीलाई मात्र पाईएमा १ लोकल कुखराको भाले, नपाईएमा १ माना घरयासी घ्यू सो पनि नपाईएमा स्थानीय स्तरमा पाईने पोषिला खानेकुराहरु(बदाम, काजु, किसमिस, स्याउ, केरा आदि)उपाध्यक्ष ज्यूको समुपस्थितिमा दिने।माथि उल्लेखित बस्तुहरु रु.२०००/- (दुई हजार रुपैया) रकमको सिमाभित्र रहि खरिद गरिएको हुनुपर्नेछ।

**परिच्छेद - ४**

विविध

८. **बाधा अड्काउ फुकाउन सक्नेः** यस कार्यविधिको कार्यान्वयनको क्रममा कुनै बाधा अड्काउ आएमा कार्यपालिकाले त्यस्तो बाधा अड्काउ फुकाउन सक्नेछ।

९. **कार्यविधिको संशोधन तथा परिमार्जनः** कार्यपालिकाको वैठकले यस कार्यविधिमा संशोधन तथा परिमार्जन गर्न सक्नेछ।

१०. **खारेजी तथा बचाउः** यस कार्यविधिमा भएका व्यवस्थाहरु स्थानीय सरकार सञ्चालन ऐन तथा अन्य कानून सँग बाझिएको हद सम्म अमान्य हुनेछ। आ.व. २०८०/८१ मा यो कार्यविधि लागू हुनुभन्दा अगाडी कुनै गर्भवति तथा सुत्केरी आमासँग उपाध्यक्ष कार्यक्रम अन्तर्गत कुनै कार्य भएमा यसै अन्तर्गत भएको मानिनेछ।

**प्रमाणिकरणः**
**वेद बहादुर थापा**
गाउँपालिका अध्यक्ष
प्रमाणिकरण मितिः २०८० मंसिर २० गते, बुधबार।

आज्ञाले,
**नरेश गिरी**
प्रमुख प्रशासकीय अधिकृत